वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित


www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक



वर्ष ४५ अंक १५४ | २०८३ असोज २१ गते बुधबार, नेपाल सम्वत् ११४६ October 07, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



तनहुँतर्फ कहिले बन्छ ?

१० दिनेअघि कालीगण्डकीमा आएको बाढीले दुई जिल्ला जोड्ने पुलको एप्रोच भत्काएपछि पूर्वी नवलपरासीको बौदीकाली गाउँपालिकातर्फको सडक स्थानीयले श्रमदान गरी निर्माण कार्य गरेका छन् ।

बाढीले बगाएको डेढगाउँ पुलको नवलपुरतर्फ सडक बने पनि तनहुँको घिरिङ गाउँपालिकातर्फ निर्माण सुरू नहुँदा यातायात प्रभावित छ । नवलपुर र तनहुँको सीमास्थित डेढगाउँको कालीगण्डकी पुलको तनहुँतर्फको सडक निर्माणमा ढिलाइ हुँदा यातायात सञ्चालनमा समस्या भएको छ।

पालिकामा रहेको जेसीबी प्रयोग गर्नुका साथै दुई दिनसम्म सयौं स्थानीयलाई श्रमदानमा सहभागी गराएर आफ्नोतर्फको काम सकेको गाउँपालिकाले जनाएको छ।

सडक कार्यालय दमौलीका प्रमुख राजीव श्रेष्ठका अनुसार बाढीले भत्किएको पुलको तनहुँतर्फको भाग निर्माणका लागि रकम माग गर्दै सडक विभागमा पत्राचार गरिएको र रकम स्वीकृत भएर आएपछि बल्ल काम अघि बढाइने भएको छ । डेढगाउँमा करिब १२ वर्षअघि निर्मित फलामे पुलको दुवै किनारको एप्रोच रोड (पुलमा पुग्ने सडक) बगाएको छ । यो पुलबाट पोखरा, गैंडाकोट र रामपुर ओहोरदोहोर गर्ने यात्रु आवतजावत गर्छन्।

तस्विर : भञ्ज्याङ

गर्भवती र सुत्केरीको पोषणमा भिमाद नगरपालिकाको जोड

भञ्ज्याङ समाचारदाता/भिमाद

तनहुँको भिमाद नगरपालिकाको ५ नम्बर वडाले आमा तथा शिशुको स्वास्थ्य र पोषणलाई प्राथमिकता दिँदै गर्भवती तथा सुत्केरी महिलालाई लक्षित गरी बहुक्षेत्रीय पोषण विशेष कार्यक्रम सञ्चालन गरेको छ । कार्यक्रमअन्तर्गत गर्भवती तथा सुत्केरी महिलालाई पोषण तथा प्रोत्साहन सामग्री वितरणसँगै स्वास्थ्यसम्बन्धी सचेतना प्रदान गरिएको छ ।

आधारभूत स्वास्थ्य सेवा केन्द्र ऋषिङपाटनमा नियमित स्वास्थ्य परामर्श तथा सेवा लिइरहेका गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्य अवस्थालाई ध्यानमा राखी कार्यक्रम सञ्चालन गरिएको हो । कार्यक्रममा गर्भवती महिलालाई अण्डा तथा सुत्केरी महिलालाई घिउ, अण्डा, कुखुराको भाले र सरसफाइ सामग्री लगायत वितरण गरिएको छ ।

नगर कार्यपालिका सदस्य संगिता विकले सामग्री वितरण गर्दै आमा स्वास्थ भएमा जन्मने बच्च पनि स्वास्थ्य हुने भएकाले गर्भअवस्थामै पोषणयुक्त खानपान र सकरात्मक जीवनशैलीलाई नगरापालिकाले प्राथमिकता दिएको बताइन् ।

कार्यक्रममा स्वास्थ्य सेवा केन्द्रकी इन्चार्ज सन्जु श्रेष्ठले गर्भवती तथा सुत्केरी महिला र बालबालिकाको स्वास्थ्य, पोषण तथा सरसफाइका साथै नियमित खोपको महत्वबारे जानकारी गराएकी थिइन् ।

स्वास्थ्यकर्मीले गर्भावस्थामा नियमित स्वास्थ्य परीक्षण गराउने, पोषणयुक्त तथा सन्तुलित आहार खाने, व्यक्तिगत सरसफाइमा ध्यान दिने र चिकित्सक तथा स्वास्थ्यकर्मीको सल्लाहअनुसार स्वास्थ्य सेवा लिने विषयमा सहभागीलाई सचेत गराएका थिए। सुत्केरीपछिको अवस्थामा आमा र शिशुको स्वास्थ्यमा विशेष ध्यान दिनुपर्ने तथा बालबालिकालाई निर्धारित समयमा नियमित खोप लगाउनुपर्नेमा समेत जोड दिइएको थियो ।

बहुक्षेत्रीय पोषण विशेष कार्यक्रमको मुख्य उद्देश्य बालबालिकाको शारीरिक, मानसिक तथा बौद्धिक विकासमा सहयोग पुऱ्याउनुका साथै कुनै पनि बालबालिका नियमित खोप तथा स्वास्थ्य संस्थाबाट उपलब्ध हुने आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित हुन नदिनु रहेको जनाइएको छ ।

कार्यक्रममार्फत गर्भवती तथा सुत्केरी महिलाको पोषण अवस्था सुधार गर्ने, स्वास्थ्यसम्बन्धी व्यवहारमा सकारात्मक परिवर्तन ल्याउने तथा बालबालिकाको स्वास्थ्य संरक्षणमा परिवारको भूमिका बलियो बनाउने प्रयास हुँदै आएको स्वास्थ्यकर्मीले बताएका छन् ।

भिमाद नगरपालिका-५ मा बहुक्षेत्रीय पोषण विशेष कार्यक्रम सञ्चालन भएको करिब चार वर्ष पुगेको छ । कार्यक्रमले गर्भवती, सुत्केरी महिला तथा बालबालिकाको स्वास्थ्य र पोषणमा सहयोग पुऱ्याउँदै आएको स्वास्थ्य सेवा केन्द्रले जनाएको छ ।



व्यास-६ का १३ टोललाई घाँस काट्ने मेसिन

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको व्यास नगरपालिका-६ ले वडाभित्रका १३ वटा टोललाई घाँस काट्ने मेसिन वितरण गरेको छ। वडाले प्रत्येक टोललाई एक-एक वटाका दरले १३ वटा मेसिन उपलब्ध गराएको हो ।

वडाध्यक्ष कुमार गुरूङका अनुसार स्थानीयस्तरमा घाँस काट्ने, कृषि उपज भित्र्याउने तथा सार्वजनिक स्थल र बाटोघाटो सरसफाइमा सहजता ल्याउने उद्देश्यले टोलहरूलाई मेसिन वितरण गरिएको हो । करिब २८ हजार रूपैयाँ मूल्य पर्ने मेसिन टोलस्तरबाट सामूहिक रूपमा प्रयोग गर्न सकिने भएकाले यसको उपयोगिता बढी हुने वडाको अपेक्षा छ ।

परम्परागत रूपमा घाँस काट्न तथा कृषि उपज भित्र्याउन बढी समय र श्रम खर्चिनुपर्ने अवस्थालाई मेसिनको प्रयोगले कम गर्ने वडाध्यक्ष गुरूङले बताए । उनका अनुसार मेसिन घाँस काट्न मात्र नभई धान काट्नसमेत प्रयोग गर्न सकिन्छ।

"घाँस काट्ने मात्रै नभई धान काट्न पनि मिल्छ । दसैंका बेला टोल तथा गाउँका बाटो सरसफाइ गर्न पनि यसको प्रयोग गर्न सकिन्छ", वडाध्यक्ष गुरूङले भने।

वडाले टोलको आवश्यकता र प्राथमिकताका आधारमा मेसिन सञ्चालन गर्ने व्यवस्था मिलाएको छ। एउटै टोलका व्यक्तिले व्यक्तिगत प्रयोजनमा मात्र नभई सामूहिक काममा प्रयोग गर्न सक्ने भएकाले यसबाट स्थानीय श्रम र समय दुवै बचत हुने अपेक्षा गरिएको छ ।



विशेषगरी ग्रामीण क्षेत्रमा पशुपालनका लागि आवश्यक घाँस काट्ने काममा मेसिन उपयोगी हुने वडाको विश्वास छ । त्यसैगरी धान काट्ने समयमा कृषि मजदुरको अभाव वा श्रम खर्च बढ्ने अवस्थालाई समेत मेसिनको प्रयोगले केही सहज बनाउने अपेक्षा गरिएको छ ।

दसैं लगायत चाडपर्वका

बाँकी तेश्रो पेजमा

सम्पादकीय .....

www.bhanjyangnews.com

चाडपर्वमा यात्रुलाई सास्ती ?

नेपालीका महान् चाड बडादसैँ, तिहार र छठ नजिकिँदै छन् । यी पर्व नेपाली समाजका लागि केवल धार्मिक अनुष्ठान होइनन्, परिवारसँग भेट्ने, आफन्तसँग आत्मीयता साट्ने र वर्षभरिका थकान बिर्सेर खुसी बाँड्ने अवसर हुन् । रोजगारी, अध्ययन र व्यवसायका सिलसिलामा घरबाहिर रहेका लाखौँ नेपाली यतिबेला आफ्नो जन्मथलो फर्कने तयारीमा छन् । गाउँबाट सहर र सहरबाट गाउँतर्फ हुने यो आवागमनले नेपाली समाजको पारिवारिक र सामाजिक सम्बन्धलाई जीवन्त बनाउँछ । तर पर्वको खुसी घर पुग्नुअघि नै सडकमा हराउने अवस्था आउनु हुँदैन। चाडपर्व नजिकिएसँगै तनहुँमा छ स्थानमा यात्रु सहायता कक्ष सञ्चालन गर्ने तयारी भएको छ । व्यासको करङकाठ, भिमाद बजार, बेलचौतारा, डुम्रे, आँबुखैरेनी र पुर्कोटमा सञ्चालन हुने सहायता कक्षको उद्देश्य यात्रुको समस्या सुन्ने, बढी भाडा असुली रोक्ने, चोरी-डकैती तथा लुटपाट नियन्त्रण गर्ने र यात्रालाई सुरक्षित बनाउने हो । उद्देश्य आफैँमा स्वागतयोग्य छ । तर प्रश्न यतिमै सकिँदैन- यात्रु सहायता कक्ष खुल्दैमा यात्रुको सास्ती अन्त्य हुन्छ कि फेरि एउटा औपचारिकता थपिन्छ ? विगतका अनुभवले आशंका गर्ने ठाउँ दिएको छ ।

चाडपर्वमा यात्रुको चाप बढ्ने निश्चित छ । यही भीडलाई अवसर बनाएर टिकटमा मनोमानी, बढी भाडा असुली, क्षमताभन्दा बढी यात्रु बोक्ने, सवारीको प्राविधिक अवस्था कमजोर हुँदाहुँदै सञ्चालन गर्ने, चालकलाई पर्याप्त आराम नदिई लामो दूरीमा खटाउने र यात्रुमाथि दुर्व्यवहार गर्ने प्रवृत्ति देखिन सक्छ । यात्रु गन्तव्यमा पुग्नैपर्ने बाध्यतामा हुन्छन् । यही बाध्यताको फाइदा उठाएर यात्रुलाई ठग्ने वा दुःख दिने प्रवृत्ति कुनै पनि अर्थमा स्वीकार्य हुन सक्दैन । राज्यले यात्रुलाई 'सहायता' दिने होइन, यात्रुको अधिकार सुनिश्चित गर्ने हो । यात्रुले तोकिएको भाडामा टिकट पाउने अधिकार राख्छ । सुरक्षित सवारी चढ्ने अधिकार राख्छ । आफ्नो सामान सुरक्षित हुने अपेक्षा गर्न सक्छ । चालक वा सहचालकबाट मर्यादित व्यवहार पाउने अधिकार राख्छ । सवारीको क्षमताभन्दा बढी यात्रु नबोकियोस् भन्ने अपेक्षा गर्न सक्छ । यी कुनै दया वा उपकारका विषय होइनन्; नागरिकका आधारभूत अधिकार हुन् । त्यसैले यात्रु सहायता कक्षलाई प्रहरी बस्ने एउटा टेबुल र सूचना टाँसिएको ठाउँमा सीमित गर्नु हुँदैन । त्यहाँ पुगेको यात्रुको गुनासो त्यहीँ सुनिने, तत्काल सम्बोधन हुने र आवश्यक परे सम्बन्धित निकायमाथि कारबाही अघि बढ्ने व्यवस्था हुनुपर्छ । बढी भाडा असुल्ने सवारी वा यात्रुमाथि दुर्व्यवहार गर्ने कर्मचारीविरूद्ध कारबाही भए मात्र सहायता कक्षको अर्थ हुन्छ । नत्र यात्रुले गुनासो राख्ने र सवारी व्यवसायीले बेवास्ता गर्ने अवस्था दोहोरिइरहन्छ ।

चाडपर्वका बेला सडक सुरक्षामा पनि विशेष कडाइ आवश्यक छ । यात्रुको संख्या बढ्ने नाममा सवारीको संख्या मात्र बढाएर पुग्दैन । चालकको स्वास्थ्य र आराम, सवारीको यान्त्रिक अवस्था, तीव्र गति, मादक पदार्थ सेवन, ओभरलोड, क्षमताभन्दा बढी यात्रु र लामो दूरीको यात्रामा चालक परिवर्तनजस्ता विषयमा कडाइका साथ अनुगमन गर्नुपर्छ। दुर्घटना भएपछि उद्धार गर्नेभन्दा दुर्घटना हुन नदिने रणनीति प्रभावकारी हुन्छ । यसका लागि प्रहरी र ट्राफिक प्रहरीको भूमिका महत्वपूर्ण छ । तर सडक सुरक्षाको सम्पूर्ण जिम्मेवारी प्रहरीको काँधमा हालेर यातायात व्यवसायी उम्किन मिल्दैन । व्यवसायीले यात्रुको सुरक्षालाई पहिलो प्राथमिकता दिनुपर्छ । चाडपर्व भनेको यात्रुको बाध्यताबाट अतिरिक्त आम्दानी गर्ने मौसम होइन । टिकटको मूल्य, सवारी सञ्चालन, चालकको व्यवस्थापन र यात्रुमैत्री व्यवहारमा व्यवसायी स्वयं जिम्मेवार बन्नुपर्छ । स्थानीय तह र प्रशासनको भूमिका पनि निगरानीमा देखिनुपर्छ । सहायता कक्ष सञ्चालन भएको स्थानबाट नियमित अनुगमन गर्ने, टिकट काउन्टरमा आकस्मिक निरीक्षण गर्ने, बढी भाडा असुलीको उजुरी तत्काल परीक्षण गर्ने र दोषी भेटिए कारबाही गर्ने प्रणाली आवश्यक छ । 'अनुगमन भइरहेको छ' भन्ने सूचना होइन, अनुगमनको परिणाम देखिने अवस्था चाहिएको छ ।

यात्रुले पनि आफ्नो अधिकारबारे सचेत हुनुपर्छ । टिकट नलिई यात्रा गर्ने, तोकिएकोभन्दा बढी भाडा तिरेर चुप लाग्ने वा समस्या परे पनि उजुरी नगर्ने प्रवृत्तिले मनोमानीलाई प्रोत्साहन गर्छ । यात्रुले टिकट माग्नुपर्छ, समस्या परे सहायता कक्ष वा प्रहरीको निःशुल्क नम्बर १०० मा जानकारी गराउनुपर्छ । सार्वजनिक यातायातमा यात्रुको आवाज बलियो भयो भने मात्र सेवा प्रदायक पनि जवाफदेही बन्न बाध्य हुन्छ। दसैँमा घर फर्किने मानिसको मनमा परिवार भेट्ने उत्साह हुन्छ । तिहारमा दिदीबहिनी र दाजुभाइ भेट्ने आतुरता हुन्छ । छठमा आस्था र पारिवारिक एकताको भावना हुन्छ। यस्तो खुसी बोकेर हिँडेका यात्रुलाई बाटोमै ठगिनु, लुटिनु, दुर्व्यवहार सहनु वा जोखिमपूर्ण सवारीमा यात्रा गर्न बाध्य हुनु राज्यका लागि लज्जाको विषय हो । त्यसैले यस वर्षका यात्रु सहायता कक्ष औपचारिक उद्घाटनको कार्यक्रम नबनून्, परिणाम दिने संयन्त्र बनून्। कति कक्ष खोलिए भन्नेभन्दा कति बढी भाडा असुली रोकियो, कति गुनासो सम्बोधन भयो, कति यात्रुलाई तत्काल सहयोग पुग्यो र कति असुरक्षित सवारीलाई कारबाही गरियो भन्ने हिसाब सार्वजनिक हुनुपर्छ । चाडपर्वमा नागरिकलाई घर फर्कनबाट रोक्न सकिँदैन, रोक्नु पनि हुँदैन । तर घर फर्किने यात्रालाई जोखिम, ठगी र सास्तीको यात्रा बन्न दिन पनि मिल्दैन । दसैँको टीका, तिहारको भाइटीका र छठको प्रसादसम्म पुग्ने बाटो सुरक्षित हुनुपर्छ । चाडपर्वको खुसी बसपार्कमै नरोकिने गरी राज्यले यात्रुको साथ दिनुपर्छ । यात्रु सहायता कक्षको वास्तविक परीक्षा अब यही हो ।

गगन वैधानिक रूपमा स्थापित हुँदा कहाँ हराए समकालीन वामपन्थी नेता ?

- **गगन थापाले पार्टी नेतृत्वलाई चुनौती दिँदै गणतन्त्र ल्याउने उद्घोष गरेका थिए, जसको जगमा २०६२/६३ को जनआन्दोलनले राजतन्त्र दाल्यो ।**
- **राजतन्त्र दलेको २० वर्षमा गगन थापा कांग्रेसको सभापति बन्न सफल भएका छन्, जसले पार्टीभित्र नेतृत्व हस्तान्तरणमा अग्रज पुस्तालाई विस्थापित गरेका छन् ।**
- **समकालीन वामपन्थी नेताहरू, विशेष गरी एमाले र नेकपाका युवा नेताहरू, पार्टी पुनर्गठन र नेतृत्व हस्तान्तरण गर्न असफल देखिएका छन् ।**



♦ गणेश पाण्डे

तत्कालीन राजा ज्ञानेन्द्र शाहको प्रत्यक्ष शासनकाल २०६१ सालतिर सडकमा नेपाली कांग्रेसबाट गणतन्त्रको नारा लगाउने अग्रमोर्चामा थिए गगन थापा। संवैधानिक राजतन्त्रको निरन्तर पक्षपोषण गर्दै आएको कांग्रेस राजाको प्रत्यक्ष शासनको विरोध गरे पनि गणतन्त्रको पक्षमा अनुदार थियो । तर, नेविसंघका तत्कालीन महामन्त्री थापाले पार्टी नेतृत्वलाई चुनौती दिँदै गणतन्त्र ल्याएर छोड्ने उद्घोष गरेका थिए ।

त्यतिबेला कांग्रेस मात्र होइन, नेकपा (एमाले) पनि गणतन्त्रमा जान तयार भइसकेको थिएन । यद्यपि माघ १९ मा ज्ञानेन्द्रले जननिर्वाचित सरकारलाई अपदस्थ गरी प्रत्यक्ष शाही शासन घोषणा गरेका कारण कांग्रेस र एमाले विद्रोही नेकपा (माओवादी) सँग १२ बुँदे सम्झौता गर्न बाध्य भयो ।

त्यसकै जगमा २०६२/६३ सालको जनआन्दोलनले निरंकुश शाही सत्ता मात्र होइन २०४० वर्ष लामो राजतन्त्र नै ढाल्यो । सिंगो देश संघीय लोकतान्त्रिक गणतन्त्रको पक्षमा उभियो । २०६२ साल भदौ १३ गते बसेको केन्द्रीय समिति बैठकले विधानबाट संवैधानिक राजतन्त्र शब्द हटाउने निर्णय गरेको थियो । त्यही साल ललितपुरमा भएको ११औँ महाधिवेशनले संवैधानिक राजतन्त्र छाडेर संघीय लोकतान्त्रिक गणतन्त्रको पक्षमा निर्णय गरेको गरेको थियो ।

राजतन्त्र ढलेको २० वर्षमा उनै गगन देशकै पुरानो लोकतान्त्रिक पार्टी कांग्रेसका सभापति बन्न सफल भए । गत वर्ष भदौमा भएको जेनजी आन्दोलनले कांग्रेस-एमाले गठबन्धन सरकार ढालेपछि महामन्त्रीद्वय गगन, विश्वप्रकाश शर्मा पार्टी रूपान्तरण र नेतृत्व हस्तान्तरणको पक्षमा आक्रामक ढंगले सक्रिय भए। पार्टी नेतृत्वलाई दबाब दिने हिसाबले विशेष महाधिवेशन बोलाउन हस्ताक्षर अभियान चलाए ।

४२ प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरेका थिए । तर, विशेष महाधिवेशनको मागलाई सम्बोधन गर्न पूर्वसभापति शेरबहादुर देउवाले अस्वीकार गरिदिए । २०८३ वैशाखमा नियमित महाधिवेशन गर्ने केन्द्रीय कार्यसमितिबाट निर्णय गराए । पार्टी निर्णयलाई चुनौती दिँदै गगन-विश्वप्रकाशले पुसको अन्त्यतिर विशेष महाधिवेशन बालाएर नेतृत्व परिवर्तन गरे।

विशेष महाधिवेशनको निर्णयलाई निर्वाचन आयोग र सर्वोच्च अदालतले मान्यता दियो । महाधिवेशनसम्बन्धी मुद्दा अहिले पनि अदालतमा विचाराधीन छ । गगनकै नेतृत्वमा कांग्रेसको १५औँ महाधिवेशन काठमाडौँमा जारी छ । यस महाधिवेशनबाट गगन नै सभापतिमा सर्वसम्मत हुने निर्वाचित हुने सम्भावना बलियो छ । पार्टीभित्र थुप्रै अग्रज पुस्तालाई विस्तापित गरी नेतृत्वमा उनी स्थापित हुँदा दुई ठुला वामपन्थी दल एमाले र नेपाली कम्युनिस्ट पार्टीका युवा नेताहरु पार्टी पुनर्गठन र नेतृत्व हस्तान्तरण गर्न असफल देखिएका छन् ।



जेनजी आन्दोलनबाट सत्ताच्यूत भएका एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्व छाड्न पार्टीभित्र हस्ताक्षर अभियान नै चलेको थियो । यस पार्टीका युवा पुस्ता मात्र होइन दोस्रो/तेस्रो तहका नेताहरु ईश्वर पोखरेल, युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, सुरेन्द्र पाण्डे, विष्णु पौडेल, शंकर पोखरेल, योगेश भट्टराई, गोकर्ण विष्ट लगायतले पार्टी पुनर्गठन र नेतृत्व हस्तान्तरणको पक्षमा उभिएका थिए । तर, नेताहरूलाई चुनौती दिँदै ओलीले मंसिरमा ११औँ महाधिवेशन बोलाएर विरोधीहरूको मुख बन्द गरिदिए ।

फागुनमा भएको निर्वाचनमा पदाधिकारी सहित पार्टीले ठुलो धक्का खाएपछि पार्टी पुनर्गठन र नेतृत्व हस्तान्तरणको माग जोडतोडले उठ्यो । जेठमा बसेको सचिवालय बैठकले चुनावी परिणाम र पार्टी पुनर्गठनको विषयमा अध्ययन गर्न उपाध्यक्ष रामबहादुर थापा बादलको नेतृत्वमा १५ सदस्यीय कार्यदल बन्यो । सातै प्रदेशको सुझावका आधारमा कार्यदलले नेतृत्वले पद छाड्नुपर्ने निष्कर्ष निकाल्यो । कार्यदलको सुझावलाई ओलीले ठाडै अस्विकार गरे। कुनै हालतमा नेतृत्व नछाड्ने ओलीको अडानका कारण इतरपक्ष पछि हट्न बाध्य भयो ।

असोजको दोस्रो हप्ता ललितपुरमा सम्पन्न केन्द्रीय समिति बैठकले तत्काल ओलीले राजीनमा दिन नपर्ने निर्णय गऱ्यो। २०६२/६३ सालमा गगनसँगै सडकमा गणतन्त्रको पक्षमा उभिएका गोकर्ण विष्ट, योगेश भट्टराई, रामकुमारी झाँक्रीहरु अहिले एमालेभित्र छायाँमा परेका छन् ।

एमालेका युवा नेता महेश बर्तौला जेनजी घटनापछि पार्टीभित्रको जीवनलाई व्यवस्थित गर्न ११औँ महाधिवेशन बोलाएको स्पष्ट पारे । यी सबै प्रश्नहरूलाई त्यतिबेलै महाधिवेशनबाट केही हदसम्म व्यवस्थित गरिनुपर्ने अवस्था भएपनि त्यो सम्भव नभएको उनले स्वीकारे ।

'त्यतिबेला सिंगो महाधिवेशनले कमरेड केपी शर्मा ओलीकै नेतृत्वमा पार्टी अगाडि लैजाने फैसला गऱ्यो । त्यसपछि विभिन्न कोणबाट बहस भए । अध्यक्षलाई चुनौती दिन ईश्वर पोखरेलहरु तयार हुनुभयो । भर्खरै महाधिवेशन सकेका छौँ । त्यसैले महाधिवेशनको फैसलालाई स्वीकारेर जानुको विकल्प हामीसँग छैन', रातोपाटीसँग उनले भने ।

कम्युनिस्ट पार्टीहरूमा नेतृत्व विकास निर्माणको आफ्नै वैधानिक संरचना र विधिहरु भएकाले त्यही विधिमार्फत नै नेतृत्व स्थापित भएको बर्तौलाको भनाइ छ । गत फागुन २१ गतेको निर्वाचन परिणाम आएपछि मात्रै एमालेमा नेतृत्वको बहसको शृंखला प्रारम्भ भएको उनले बताए । तर कांग्रेसमा जेनजी मुभमेन्टपछि

बाँकी तेश्रो पेजमा

तपाईको आज

मेष
यात्रामा सावधानी अपनाउनुहोस्। नयाँ कामको थालनी गर्नु अघि राम्ररी योजना बनाउनुहोस्।

वृष
अर्थतन्त्र मजबुत बन्नेछ। सहयोगीहरूबाट सकारात्मक साथ मिल्नेछ। स्वास्थ्यका मामिलामा सजग रहनुहोस्।

मिथुन
साहित्य, लेखन र सिर्जनात्मक कार्यमा सफलता मिल्नेछ। मानसिक चञ्चलता कम गर्नुहोस्।

कर्कट
भावनामा बहकिन सकिन्छ, निर्णय सोचविचार गरेर लिनु पर्छ । पुराना साथीसँग भेटघाटको योग छ।

सिंह
प्रभावशाली व्यक्तित्वको विकास हुनेछ। नेतृत्व क्षमता देखाउन सकिने दिन हो। सामाजिक प्रतिष्ठा बढ्नेछ।

कन्या
अध्ययन र अनुसन्धानका लागि अनुकूल समय। स्वास्थ्य सामान्य रहनेछ। लगानी लाभदायक हुनेछ।

तुला
धेरै काममा हात हाल्दा तनाव बढ्छ। सोचेर कदम चाल्नुहोस्। साझेदारीमा सावधानी अपनाउनुहोस्।

वृश्चिक
आत्मविश्वास बढ्नेछ। जीवनसाथीसँग सुमधुर सम्बन्ध रहनेछ। नयाँ योजना बनाउन सकिने दिन हो।

धनु
शुभ समाचार प्राप्त हुने सम्भावना छ। धार्मिक वा सामाजिक कार्यमा सहभागी भइनेछ।

मकर
कामको चाप बढ्न सक्छ। तर निरन्तर प्रयासले लक्ष्य नजिक ल्याउनेछ। आर्थिक योजना बनाउन सकिनेछ।

कुम्भ
सन्देह वा द्विविधा हटाएर अघि बढ्दा सफलता मिल्नेछ। प्रेम सम्बन्धमा गहिराइ आउन सक्छ।

मीन
नोकरी वा व्यवसायमा सुधार आउनेछ। नजिकका व्यक्तिसँग सम्बन्धमा मिठास आउनेछ।

सडक अवरूद्ध हुँदा मुस्ताङका स्याउ बोटमै

भञ्ज्याङ समाचारदाता/मुस्ताङ

दशैंलाई लक्षित गरेर बजार पठाउने तयारी गरिएको मुस्ताङको स्याउ यस वर्ष बाढीपहिरो र सडक अवरोधका कारण बोटमै थन्किएको छ। कालीगण्डकी नदीको कटान तथा अविरल वर्षापछि आएको बाढीपहिरोले कालीगण्डकी करिडोरअन्तर्गत बेनी-जोमसोम-कोरला सडकखण्डका विभिन्न स्थानमा क्षति पुऱ्याएपछि स्याउ ढुवानी प्रभावित भएको हो ।

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-४ तिरीका आङग्या गुरूङले असोजको दोस्रो सातादेखि टिपेर बजार पठाउने तयारी गरेको छिटो पाक्ने उच्च घनत्वको स्याउ अझै बोटमै रहेको बताए । दशैं कात्तिकमा परेकाले स्थानीय प्रजातिको स्याउ असोजको दोस्रो र तेस्रो साताभा बजार पठाउने तयारीमा रहेका किसान सडक अवरूद्ध भएपछि समस्यामा परेका छन् ।

घरपझोङ गाउँपालिका-५ ढुम्बाका किसान कर्म गुरूङले बजार पठाउन प्याकिङ गरेर राखेको स्याउसमेत स्टोरमै थन्किएको बताए। सडक सहज नहुँदा बर्गैंचाबाट बजारसम्म स्याउ पुऱ्याउने अवस्था नरहेको उनको भनाइ छ ।

कृषक ङवाङ गुरूङका अनुसार सडक तथा पुल मर्मतमा समय लाग्दा धेरै किसानले स्याउ टिप्ने कामसमेत रोकेका छन् । 'धेरै कृषकले टिप्दै गरेको स्याउ रोकेका छन्', उनले भने, 'बाटो मर्मतमा ढिलाइ भए स्याउ कृषकलाई ठूलो नोक्सानी हुन्छ ।' कालीगण्डकी करिडोरअन्तर्गतको सडक र पुलमा भएको क्षति मर्मत गर्न करिब १० दिन लाग्ने अनुमान गरिएको छ । वैकल्पिक मार्गबाट ठूलो परिमाणमा स्याउ ढुवानी गर्न कठिन हुने भएकाले किसान सडक खुल्ने प्रतीक्षामा छन् ।

सडक खुले ९० प्रतिशत स्याउ बजारमा

कृषि तथा पशु विकास कार्यालय मुस्ताङले सडक सञ्चालनमा आए असोजको अन्तिम सातासम्म जिल्लाको करिब ९० प्रतिशत स्याउ बजारमा पठाउन सकिने जनाएको छ ।

कार्यालयकी निमित्त प्रमुख बबिता नेपालीका अनुसार हालसम्म उच्च घनत्वसहित करिब २० प्रतिशत स्याउ मात्र बजारमा पुगेको अनुमान छ । वर्षाका कारण विवरण संकलनमा समस्या भएकाले यकिन तथ्यांक आउन बाँकी रहेको उनले बताए ।

'चिसो मौसम भएकाले पाकेको स्याउ यो महिनाभित्र बजारमा लैजाँदा राम्रो हुन्छ', नेपालीले भने, 'बर्गैंचा निरीक्षणमा पुगेका प्राविधिकले सडकको अवस्थाबारे जानकारी गराइरहनुभएको छ ।'

उच्च घनत्वको पाकिसकेको स्याउ हवाई मार्गबाट ढुवानी गर्दा लागत बढ्ने भएकाले किसानले सडक सञ्चालन भएपछि मात्र ठूलो परिमाणमा बजार पठाउने तयारी गरेका छन् । मुस्ताङमा उत्पादित स्याउ सामान्यतया जोमसोम-बेनी सडक हुँदै म्याग्दी, बागलुङ, पर्वत र कास्की भएर देशका विभिन्न सहरमा पुग्ने गर्छ । तर यसपटक बाढीपहिरो र नदी कटानले सडक अवरूद्ध भएपछि ढुवानीमा समस्या भएको हो ।

सडक अवरूद्ध भएपछि असोज १० गतेअघि बजारमा पुगेका स्याउ अहिले बिक्री भइरहेको छ । नयाँ उत्पादनको आपूर्ति प्रभावित हुँदा बजारमा विस्तारै स्याउको अभाव देखिन थालेको र व्यापारीले मूल्य बढाउन थालेको किसान तथा व्यवसायीले बताएका छन्।

८३० हेक्टरमा स्याउ खेती

मुस्ताङका पाँचवटै स्थानीय तहमा स्याउ खेती हुँदै आएको छ । थासाङ, घरपझोङ, वारागुङ मुक्तिक्षेत्र, लोघेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकामा स्याउ उत्पादन हुने गरेको छ। दशैंअघि मुख्य रूपमा थासाङ, घरपझोङ र वारागुङ मुक्तिक्षेत्रबाट स्याउ बजारमा जाने गर्छ ।

कृषि तथा पशु विकास कार्यालयका अनुसार जिल्लामा करिब ८३० हेक्टर क्षेत्रफलमा स्याउ खेती भइरहेको छ। त्यसमध्ये ५६६ हेक्टरमा लगाइएको स्थानीय तथा अन्य प्रजातिको स्याउबाट चालु वर्ष ६ हजार ७८ मेट्रिक टन उत्पादन हुने लक्ष्य राखिएको छ । औसत प्रतिहेक्टर १० दशमलव ७४ मेट्रिक टन उत्पादन हुने अनुमान छ ।

त्यस्तै, उच्च घनत्वको स्याउ खेती ६५ हेक्टरमा विस्तार भएको छ। यसबाट पनि उल्लेख्य उत्पादन हुने अनुमान गरिएको छ । गत वर्ष ८३७ हेक्टर क्षेत्रफलमा स्याउ खेती गरिएकोमा ६ हजार ६८४ मेट्रिक टन स्याउ उत्पादन भएको थियो। स्थानीय स्याउबाट ७८ करोड ८९ लाख रूपैयाँ बराबरको कारोबार भएको थियो । उच्च घनत्वको स्याउबाट ३१ करोड ३४ लाख रूपैयाँ बराबरको कारोबार भएको कार्यालयको तथ्यांक छ ।

जिल्ला समन्वय समिति, पाँचवटै स्थानीय तह, शीतोष्ण बागवानी विकास केन्द्र मार्फा तथा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत स्याउ जोन परियोजनाले किसानलाई विभिन्न सहयोग गर्दै आएका छन्। कार्टुनसहित प्याकिङ गरिएको स्याउलाई उचित व्यवस्थापन गरे करिब एक सातासम्म स्टोर गरेर राख्न सकिने व्यवस्था पनि रहेको छ।

घरपझोङ गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनले सडक सञ्जालको मर्मतलाई तीव्रता दिँदै कृषि उत्पादनको ढुवानीलाई पहिलो प्राथमिकतामा राख्नुपर्ने बताए। सडक समयमै सञ्चालनमा नआए बोटमै पाकिरहेको स्याउ खेर जाने र किसानले ठूलो आर्थिक क्षति व्यहोर्नुपर्ने अवस्था आउन सक्ने उहाँको भनाइ छ ।

गगन वैधानिक रूपमा स्थापित .....

नै नयाँ ढंगले जानुपर्छ भनेर गगन-विश्वप्रकाशहरूले हस्तक्षेपकारी परिस्थिति विकास गरेर अगाडि बढेको बर्तौलाको जिकिर छ ।

'महाधिवेशनमा हामीभित्र नेतृत्व परिवर्तनको कुनै प्रश्न नै उठेन। त्यसले गर्दा स्वाभाविक रूपमा कमरेड अध्यक्षले दुई तिहाइ मतले जित्नुभयो। तर कांग्रेसको परिस्थिति र फागुन २१ को निर्वाचन परिणाम जे आयो, त्यसले मात्रै अब नेतृत्वले सोच्नुपर्छ भन्ने बहस प्रारम्भ गरायो', उनले भने, 'तर निर्वाचनको परिणामलाई लिएर अध्यक्षलाई मात्र दोष लगाएर उम्किने स्थिति पदाधिकारीहरूको पनि थिएन । हिजो अध्यक्षलाई शिरमा राखेर उपाध्यक्ष, महासचिव, सचिव र उपमहासचिव बन्ने कमरेडहरूले नेतृत्वलाई मात्र दोष लगाएर हामी ठीक छौं भन्न मिल्ने स्थिति भएन।'

वर्तमान परिस्थितिमा कांग्रेसले स्वभाविक रूपमा युवा पुस्ताको भावनालाई आकर्षित गर्ने माहोल निर्माण गरिरहँदा आफूहरूलाई पनि चुनौती थपिएको उनको भनाइ छ। यसबारे आगामी दिनमा बहस हुँदै जाने बर्तौलाले स्पष्ट पारे ।

'हाम्रो पार्टीमा युवाहरूलाई सीधै नेतृत्वको तहमा वा पदाधिकारीको महत्त्वपूर्ण भूमिकामा ल्याउने विषयमा कांग्रेसको जस्तो स्थिति ठ्याक्कै निर्माण भइहालेको त देखिएन । यद्यपि, हामीले पार्टीभित्र युवाहरूलाई खोजी-खोजी भूमिका र अवसर दिने काम नगरेको होइन, गरेका छौं,' बर्तौलाले भने, 'नेतृत्व विकासको सन्दर्भमा कांग्रेसमा गगन थापाजीले नेतृत्व गरे पनि त्यहाँ तीन-चार पुस्ताका सबै नेताहरूलाई तलदेखि माथिसम्म संयोजन गरेरै प्रतिस्पर्धामा आइरहनुभएको छ । अब हामीकहाँ पनि त्यही थिति र तरिकाबाट अगाडि बढ्नुपर्छ ।'

पार्टी पुनर्गठन र नेतृत्व हस्तान्तरणको विषयमा पार्टी उपाध्यक्ष गोकर्ण विष्ट र केन्द्रीय सदस्यीय सदस्य रामकुमारी झाँक्रीसँग प्रश्न गर्दा बोल्न चाहेनन्।

यता जेनजी आन्दोलनपछि नेपाली कम्युनिस्ट पार्टीभित्र पनि पार्टी पुनर्गठन र नेतृत्व हस्तान्तरणको बहस तीव्र भयो । तर, संयोजक पुष्पकमल दाहाल प्रचण्ड, सहसंयोजक माधव कुमार नेपाल नेतृत्व छाड्ने पक्षमा देखिएका छैनन्। असोज १८ गते कांग्रेसको महाधिवेशन उद्घाटन सत्रलाई सम्बोधन गर्दै प्रचण्डले सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई पार्टीभित्र क्रमभंगता गर्न उक्साए ।

तर, ४० वर्षदेखि जाम भएको बसेको पार्टी नेतृत्व छाड्ने विषयमा कुरै उठाएनन् । कांग्रेसको महाधिवेशनमा उत्साहजनक उपस्थिति देखेका प्रचण्डले पछिल्लो समय वामपन्थीहरु खुम्चिँदै गएकोप्रति तीव्र निराशा व्यक्त गरे । २०४५ सालतिर कांग्रेसका सभापति कृष्णप्रसाद भट्टराई रहँदा प्रचण्ड पार्टी नेतृत्वमा आएका थिए ।

त्यसयता कांग्रेसमा गिरिजाप्रसाद कोइराला, सुशील कोइराला, शेरबहादुर देउवाहुँदै छोरा पुस्ता गगन सभापति हुँदा नेकपामा अविछिन्न रूपमा प्रचण्ड मूल नेतृत्वमा छन् । एमालेमा पनि मदन भण्डारी, माधव कुमार नेपाल, झलनाथ खनाल र ओली निर्वाचन मार्फत नेतृत्वमा आएका हुन् । २०७८ सालमा आठौं महाधिवेशनबाट अनुमोदिन भएका उनी आगामी स्थानीय तह निर्वाचनपछि मात्र महाधिवेशन गराउने तयारीमा छन् ।

नेकपा एकीकृत समाजवादी लगायत २५ घटकसँग एकता गरी निर्वाचनमा होमिएको नेकपाले ठुलो धक्का खायो । यही वैशाखमा बसेको केन्द्रीय संयोजन समिति बैठकले आगामी मंसिर ११-१५ सम्म काठमाडौंमा एकता महाधिवेशन गर्ने निर्णय गरेको थियो। पूर्व निर्णयलाई लत्याउँदै असोज ६ गते बसेको केन्द्रीय संयोजन समिति बैठकले महाधिवेशनबारे छुट्टै कार्यतालिका बनाउने निर्णय गऱ्यो ।

नेकपाभित्र लेखनाथ न्यौपाने, हिमाल शर्मा, रञ्जित तामाङ, युवराज दुलाल, माधव सापकोटा, रामप्रसाद सापकोटालगायत चर्चित युवा नेताहरु विधि र पद्धति बनाएर नेतृत्व हस्तान्तरण गर्नुपक्षमा उभिएका छन् ।

उनीहरूले पार्टी पुनर्गठनको विषयमा नेतृत्वलाई दबाब दिइरहेपनि ठोस निष्कर्षमा पुग्न सकेका छैनन् । नेता लेखनाथ न्यौपाने कांग्रेसमा जस्तो सांगठनिक संरचना कम्युनिस्ट पार्टीहरूमा नहुने भएकाले नेतृत्व हस्तान्तरण सहज नभएको जिकिर गर्छन् ।

'कांग्रेसमा केन्द्रीय नेताहरु सबै वडा तहमा निर्वाचित भएर आउँछन्। तर कम्युनिस्ट पार्टीहरूमा त्यस्तो हुँदैन । आन्तरिक निर्वाचन सम्बन्धमा कांग्रेस खुला छन् । हामीहरूमा नेतृत्वको विरूद्धमा अगाडि बढे उसले ठुलो मुल्य चुकाउनुपर्ने हुनसक्छ', न्यौपानेले भने, 'हाम्रो पार्टीमा पनि खुला प्रतिस्पर्धाबाट नेतृत्व छनोट हुनुपर्छ भनेर आठौं महाधिवेशनबाटै बहस भएको हो । तर, ठोस निष्कर्षमा पुगेको छैन । आगामी महाधिवेशनमा पनि यो बहस जारी नै रहन्छ । अहिले नेतृत्वलाई जबर्जस्ती हटाउने भन्दा पनि नैतिकताको प्रश्न बनेको छ ।' रातोपाटीबाट

व्यास-६ का १३ .....

समयमा गाउँका बाटो, चौतारा तथा सार्वजनिक स्थल सरसफाइ गर्नसमेत मेसिन प्रयोग गर्न सकिने भएकाले यसको उपयोग कृषि क्षेत्रभन्दा बाहिर पनि हुने वडाले जनाएको छ ।

टोलमा उपलब्ध मेसिनलाई आवश्यकताअनुसार परिचालन गरी सामूहिक काममा प्रयोग गर्ने हो भने सीमित स्रोतबाट धेरै स्थानीय लाभान्वित हुन सक्ने देखिन्छ । वडाले वितरण गरेका मेसिनको नियमित मर्मतसम्भार र व्यवस्थित प्रयोग गर्न सके कृषि श्रम घटाउनुका साथै टोलस्तरका सार्वजनिक काममा समेत स्थानीयको सहभागिता बढाउन सकिने अपेक्षा गरिएको छ ।

वडाले कृषि तथा दैनिक जीवनसँग जोडिएका श्रमसाध्य कामलाई प्रविधिसँग जोड्दै स्थानीयलाई सहज बनाउने उद्देश्यले मेसिन वितरण गरेको जनाएको छ। टोललाई हस्तान्तरण गरिएका मेसिनको प्रभावकारी सञ्चालन र सामूहिक उपयोगले यसको वास्तविक लाभ निर्धारण गर्नेछ ।

विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

कात्तिक ८ गते आइतबार

१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा. अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

२) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

कात्तिक १३ गते शुक्रबार

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

कात्तिक १४ गते शनिबार

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) मणिपाल अस्पताल पोखराकी वरिष्ठ छाला, यौन, कुष्ट तथा सौन्दर्य रोग विशेषज्ञ **डा. जयन्ती ज्वारचन** आउनुहुनु भएकाले सुन्दर छाला, स्वास्थ्य यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं ।

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

व्यास-२, अमरसिंह मार्ग, दमौली । फोनः ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

बीमा लेख हराएको सूचना

यही मिति २०८२/०६/०१ गते तनहुँको व्यास नगरपालिका-१० वैरेनीबाट दमौली बजार तर्फ आउनेक्रममा मेरो **लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड**को बीमा लेख हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगाना र फोन नम्बरमा सम्पर्क गरी जानकारी दिनुहुन अनुरोध गर्दछौं ।

नाम : बिनोद गौतम
बिमा लेख नं. : 130033607
ठेगाना : व्यास-१०, वैरेनी, तनहुँ (सावित्रि व्यास-५, तनहुँ)
सम्पर्क नं. : ९८५६०६०९०५

शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुलेगौंडा, तनहुँ, गण्डकी प्रदेश, नेपाल

आ.व. २०८३/०८४ को आन्तरिक आयको ठेक्का सम्बन्धी बोलपत्र आह्वानको सूचना

दोश्रो पटकको पुनः प्रकाशित मिति : २०८३/०६/२१ गते

स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा शुक्लागण्डकी नगरपालिकाको आर्थिक ऐन २०८१ (सभाबाट पारित) बमोजिम शुक्लागण्डकी नगरपालिका, तनहुँको क्षेत्राधिकार भित्र पर्ने देहायका शिर्षकहरूमा आ.व. २०८३/०८४ का लागि बढीबढाउमा ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूबाट आफ्नो फर्मको नवीकरण भएको प्रमाण-पत्र, प्यान दर्ता/मूल्य अभिबृद्धिकर दर्ता प्रमाण-पत्र तथा आर्थिक वर्ष २०८१/०८२ को कर चुक्ताको प्रमाणित प्रतिलिपीहरू संलग्न गरी तथा उक्त कार्य गर्न योग्य भएको स्वघोषणापत्र संलग्न गरी बोलपत्र फाराममा रहेका शर्तहरूको अधिनमा रही रितपूर्वक Hard Copy मार्फत बोलपत्र पेश गर्नको लागि सूचना आह्वान गरिन्छ । साथै थप जानकारीको लागि यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दुलेगौंडाबाट लिन सकिनेछ ।

ठेक्का विवरण

आय ठेक्का नं.	विवरण	न्यूनतम अङ्क मु.अ.कर सहितमा	फारम दस्तुररु (पछि फिर्ता नहुने)	धरौटी रकम	बोलपत्र खरिद वा दाखिला गर्ने अवधि
52/AAYA/SMC/2082-083	Collection of Revenue for Exporting Local Products and Materials outside the Area of Municipality for Fiscal year 2083/084	रु. ३,३९,००,०००	५,०००	मु.अ.कर सहितमा कबोल अङ्कको ५ प्रतिशत	मिति २०८३/०७/११ गते दिनको १२:०० वजे भित्र

प्रमुख प्रशासकीय अधिकृत

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९



बन्दीपुरमा पर्यटक : पहाडकी रानी उपनामले परिचित पर्यटकीय नगरी तनहुँको बन्दीपुर घुम्न आएका एक वाह्य पर्यटक मंगलबार साँझ आफ्नो क्यामेरामा बन्दीपुर बजार क्षेत्रको तस्विर कैद गर्दै । स्वच्छ र शान्त वातावरणमा रम्न चाहानेका लागि बन्दीपुर उत्कृष्ट गन्तव्यका रूपमा विकास हुँदै गएको छ । *तस्विर : भञ्ज्याङ*

बागलुङमा बाढीपहिरोले सडक पूर्वाधारमा ५० करोडको क्षति

पुनर्निर्माणमा झण्डै एक अर्ब खर्च लाग्ने प्रारम्भिक अनुमान, ४०० मिटर सडकको ट्र्याक नै बग्यो

भञ्ज्याङ समाचारदाता/बागलुङ

गत असोज ९ देखि ११ गतेसम्म परेको अविरल वर्षासँगै आएको बाढीपहिरोले बागलुङको सडक पूर्वाधारमा ५० करोड रूपैयाँभन्दा बढीको क्षति पुऱ्याएको छ । क्षतिग्रस्त सडक तथा अन्य पूर्वाधारको पुनर्निर्माण र मर्मतसम्भारका लागि झण्डै एक अर्ब रूपैयाँ खर्च लाग्ने प्रारम्भिक अनुमान गरिएको छ ।

बाढीपहिरोबाट सडक डिभिजन कार्यालय बागलुङअन्तर्गत करिब ३० करोड र पूर्वाधार विकास कार्यालय अन्तर्गत करिब २० करोड रूपैयाँ बराबरको क्षति भएको प्रारम्भिक विवरण सार्वजनिक भएको छ । राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग तथा प्रदेश सरकार अन्तर्गतका सडकमा बाढीपहिरोले ठूलो क्षति पुऱ्याएको हो ।

मध्यपहाडी लोकमार्गको निसीखोला र गलकोट खण्ड तथा प्रदेश सरकारअन्तर्गतको गलकोट-हरिचौर-ताराखोला सडकमा सबैभन्दा बढी क्षति भएको जनाइएको छ । सडक डिभिजन कार्यालय बागलुङका प्रमुख हरि सुवेदीका अनुसार कार्यालय अन्तर्गतका कालीगण्डकी करिडोर, मध्यपहाडी लोकमार्ग, बागलुङ-बेनीलगायत सडकमा मात्रै करिब ३० करोड रूपैयाँ बराबरको क्षति भएको छ ।

मध्यपहाडी लोकमार्गअन्तर्गत निसीखोलाको कानाबगर र झिवाखोला क्षेत्रमा करिब ४०० मिटर सडकको ट्र्याक नै बाढीले बगाएको छ । घोडाबाँधेदेखि हटियासम्मको सडकमा पनि एक दर्जनभन्दा बढी स्थानमा पहिरो गएको र सडक भासिएको कार्यालयले जनाएको छ ।

कालीगण्डकी करिडोरअन्तर्गत कालाखोला बगर, बेलबगर र जैमिनीघाट क्षेत्रमा समेत बाढीपहिरोले सडक संरचनामा क्षति पुऱ्याएको छ। पुलका पहुँचमार्ग, कालोपत्रे सडक, सडकको ट्र्याक तथा पहिरोका कारण विभिन्न स्थानमा सडक संरचना क्षतिग्रस्त भएका छन्। बागलुङ बजार-सिगाना र बागलुङ बजार-तित्याङ सडकमा समेत पहिरोले क्षति पुऱ्याएको छ।

पूर्वाधार विकास कार्यालय बागलुङका अनुसार प्रदेश सरकारअन्तर्गत निर्माण तथा सञ्चालनमा रहेका सडकमा करिब २० करोड रूपैयाँ बराबरको क्षति भएको छ । कार्यालय प्रमुख अनुप थापाका अनुसार सबैभन्दा ठूलो क्षति गलकोट-हरिचौर-ताराखोला सडकमा भएको छ ।

उक्त सडकको करिब आठ किलोमिटर खण्डमा एक दर्जनभन्दा बढी स्थानमा पहिरो गएको छ। तीन स्थानमा ताराखोलाले कालोपत्रे सडकको ट्र्याक नै बगाएको प्रमुख थापाले बताए । शालग्राम संग्रहालय-मालिका-पञ्चकोट तथा कुश्मिसेरा-रात्तनी सडकमा समेत बाढीपहिरोले क्षति पुऱ्याएको छ ।

बाढीपहिरोका कारण सडकको सतह, ट्र्याक, पहुँचमार्ग तथा अन्य संरचना क्षतिग्रस्त हुँदा कतिपय स्थानमा यातायात सञ्चालन नै प्रभावित भएको छ । खोलाको कटानका कारण निर्माण सम्पन्न भइसकेका सडकसमेत जोखिममा परेका छन् । प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद आचार्यका अनुसार जिल्लामा बाढीपहिरोबाट सबैभन्दा बढी क्षति सडक पूर्वाधारमा भएको छ । खोलाको किनारमा निर्माण गरिएका कतिपय पक्की सडक बाढीपछि बगरमा परिणत भएका छन् । यसले सडक पूर्वाधार निर्माण गर्दा जोखिमयुक्त क्षेत्रमा अपनाउनुपर्ने सावधानी र दीर्घकालीन योजना आवश्यक रहेको देखाएको छ ।

तत्काल सडक सम्पर्क कायम गर्ने उद्देश्यले क्षतिग्रस्त सडकको अवरोध हटाउने कामलाई प्राथमिकता दिइएको प्रशासनले जनाएको छ । कालीगण्डकी करिडोर, मध्यपहाडी लोकमार्ग तथा सडक सम्पर्क टुटेको ताराखोलामा शहीदमार्ग खुलाइएको प्रमुख जिल्ला अधिकारी आचार्यले बताए।

बाढीपहिरोबाट क्षतिग्रस्त सडकको तत्काल मर्मत गरी यातायात सञ्चालनमा ल्याउने प्रयास भए पनि स्थायी पुनर्निर्माणका लागि ठूलो बजेट आवश्यक पर्ने देखिएको छ । प्रारम्भिक क्षतिको विवरणअनुसार सडक पूर्वाधारमै ५० करोडभन्दा बढीको क्षति भएपछि पुनर्निर्माणको लागत झण्डै एक अर्ब रूपैयाँ पुग्ने अनुमान गरिएको हो ।

facebook twitter



Muma Ram Khanal
x.com/MumaRamKhanal

म कहिल्यै नेपाली काँग्रेस थिइन, न नेपाली काँग्रेस हुँ र संभवत कहिल्यै नेपाली काँग्रेसको सदस्य हुने पनि छैन । तर मलाई राजनीतिक रूपमा नेपाली काँग्रेस किन मन पर्छ भने यसको भूँइ तह नै लोकतान्त्रिक छ। यसले खुला समाजको प्रबर्द्धन गर्छ । र, यसले उदार लोकतन्त्रको वकालत गर्छ। र, त्यसो नगर्ने निरंकुश नेतालाई दलबाट बेदखल गर्ने सामर्थ्य पनि राख्छ ।

पन्ध्रौं महाधिवेशनको दौरानमा जुन चुनावी माहौल र उम्मेदवारको प्रचारशैली छ- हरेक उमेदवारले महाधिवेशनमा आफ्नो रूची, क्षमता र नेतृत्वलाई प्रतिनिधिसमक्ष परिक्षण गर्ने उदात्त परिक्षा दिइरहेको छ। पार्टी, लोकतन्त्र र नेतृत्व बाँच्ने एक मात्र अभ्यास यही हो। कुनै उम्मेदवार पराजित होलान् र कुनै विजयी । तर नेपाली काँग्रेसको यो अभ्यासले दल, लोकतन्त्र र नेतृत्व सधैं विजयी हुनेछ ।

नेपाली काँग्रेसका सभापति, उपसभापति, महामन्त्री, सहमहामन्त्रीदेखि केन्द्रीय सदस्यका सम्पूर्ण उम्मेदवारहरूलाई मेरो पनि विजयको हार्दिक शुभकामना! दलको आन्तरिक विजय वा पराजय केवल सानो प्राविधिक कुरा मात्र हो। तर तपाँईहरूको उम्मेदवारीले आन्तरिक लोकतन्त्रको आत्मालाई अहिले नै अत्यधिक मतसहित विजयी बनाइसकेको छ ।

क्याम्पसमा जलवायु अध्ययन स्रोत केन्द्र स्थापना गर्ने निर्णय

भञ्ज्याङ समाचारदाता/दमौली

प्राज्ञिक समितिको बैठकले क्याम्पसमा जलवायु अध्ययन स्रोत केन्द्र (क्लाइमेट स्टडी रिसोर्स सेन्टर) स्थापना गर्ने निर्णय गरेको छ। गण्डकी प्रदेश सरकारले नवीन तथा सिर्जनात्मक प्रकृतिका कार्यक्रम सञ्चालनका लागि प्रस्ताव माग गरेपछि क्याम्पसले जलवायु अध्ययन स्रोत केन्द्र स्थापनाको प्रस्ताव तयार गरी आवश्यक पूर्वाधार निर्माणका लागि बजेट माग गर्ने निर्णय गरेको हो ।

क्याम्पसमा सम्पन्न प्राज्ञिक समितिको बैठकले समसामयिक शैक्षिक तथा प्रशासनिक विषयमा छलफल गर्दै विभिन्न निर्णय गरेको छ । निमित्त क्याम्पस प्रमुख डा. रामकुमार अधिकारीको अध्यक्षतामा बसेको बैठकले जलवायु परिवर्तन, वातावरणीय अध्ययन तथा यससँग सम्बन्धित शैक्षिक गतिविधिलाई संस्थागत गर्ने उद्देश्यले स्रोत केन्द्र स्थापना गर्ने निर्णय गरेको हो ।

बैठकले यसका लागि आवश्यक पूर्वाधार निर्माणसहितको प्रस्तावना तयार गरी गण्डकी प्रदेश सरकारसमक्ष पेश गर्ने निर्णय गरेको छ । बैठकले दसैं बिदा असोज २६ गते सोमबारदेखि कात्तिक ६ गते शुक्रबारसम्म दिने निर्णयसमेत गरेको छ। दसैं बिदाअघि क्याम्पसमा कार्यरत प्राध्यापक तथा कर्मचारीबीच बडादसैं, दीपावली, छठ तथा नेपाल संवत्लगायत सांस्कृतिक पर्वको शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गर्ने निर्णय गरिएको छ। उक्त कार्यक्रम विगतमा झैं प्राध्यापक सङ्घ क्याम्पस इकाइको अगुवाइमा सञ्चालन गरिनेछ ।

बैठकले वार्षिक प्रणालीअन्तर्गत स्नातक तहमा अध्ययनरत विद्यार्थीको कक्षा उपस्थितिको अवस्थालाई आधार बनाई कक्षा सेक्सन विभाजन तथा समायोजन गर्ने निर्णय गरेको छ । विद्यार्थीको उपस्थिति न्यून भएका कक्षामा प्रत्यक्ष पठनपाठन स्थगित गरी स्वाध्ययनमा प्रोत्साहित गर्ने निर्णय गरिएको हो ।

मानविकी संकायअन्तर्गत बीए प्रथम, द्वितीय र तृतीय वर्षमा विद्यार्थीको कक्षा उपस्थिति न्यून रहेकाले हाल सञ्चालन भइरहेका प्रत्यक्ष कक्षा स्थगित गर्ने निर्णय बैठकले गरेको छ । ती तहका विद्यार्थीलाई स्वाध्ययनमा जोड दिइनेछ ।

बीए चौथो वर्षमा भने केही विद्यार्थीको नियमित उपस्थिति रहेकाले उनीहरूको अनुरोधअनुसार भदौदेखि सञ्चालन हुँदै आएको प्रत्यक्ष कक्षा थप छ महिनाका लागि अर्थात् माघसम्म सञ्चालन गर्ने निर्णय गरिएको छ । त्यसैगरी बीबीएस दोस्रो वर्षको कक्षा पनि विद्यार्थीको आवश्यकता र उपस्थितिको अवस्था अनुसार व्यवस्थापन गरी सञ्चालन गर्ने निर्णय भएको छ ।

बैठकले विद्यार्थीका लागि कात्तिक महिनाको तेस्रो सातामा शैक्षिक अध्ययन तथा अवलोकन भ्रमण आयोजना गर्ने निर्णयसमेत गरेको छ । अध्ययन भ्रमणमार्फत विद्यार्थीलाई पाठ्यक्रममा आधारित विषयसँगै व्यवहारिक तथा स्थलगत ज्ञान हासिल गर्ने अवसर प्रदान गर्ने उद्देश्य रहेको जनाइएको छ।

बैठकमा सहायक क्याम्पस प्रमुखद्वय विश्वेश्वर तिमल्सेना र विमल गिरी, नेपाली विभाग प्रमुख डा. सुशीलप्रसाद वाग्ले, व्यवस्थापन विभाग प्रमुख जनक काफ्ले, शिक्षा विभाग प्रमुख गजेन्द्र पौडेल, विज्ञान विभाग प्रमुख सागर न्यौपाने, बीबीए कार्यक्रम प्रमुख चिजकुमार श्रेष्ठ, बीआईसीटीई कार्यक्रम प्रमुख इञ्जिनियर घनबहादुर थापा, विद्यार्थी गुनासो परामर्श तथा प्रतिस्थापन समिति संयोजक विमल खत्री, अतिरिक्त क्रियाकलाप समिति संयोजक तिलबहादुर थापा, आदिकवि भानुभक्त माध्यमिक विद्यालयका प्रधानाध्यापक दिलीप पोखेल, सहायक प्रधानाध्यापक तीर्थराज रानाभाट, शहीद चन्द्र छात्रावास प्रमुख मिना श्रेष्ठ, प्रशासकीय प्रमुख वसन्ती थापा आले मगर र ईएमआईएस अफिसर गौरव पन्थलगायतको उपस्थिति रहेको थियो ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक :** नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण :-** विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४